# देश दर्शन कार्यक्रम, २०७५

नेपाल सरकारका नवनियुक्त शाखा अधिकृतहरुका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालित आधारभूत प्रशासनिक प्रशिक्षण तालीमको सन्दर्भमा

**प्रस्तुत गरिएको निकाय**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
जावलाखेल, ललितपुर

**प्रस्तुतकर्ता**


रारा समूह
BAT-33


२०७५, माघ

**कृतज्ञताज्ञापन**

यस नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावालाखेल, ललितपुरद्वारा सञ्चालित तीन महिने आधारभुत प्रशासनिक प्रशिक्षणको सन्दर्भमा एक हप्ते देश दर्शन कार्यक्रमको सफलता पश्चात भ्रमण प्रतिवेदन तयार पार्न सहयोग गर्नुहुने यस प्रतिष्ठानका व्यवस्थापक तथा रारा समुहका संयोजकद्वय श्री देवीदत्त भट्ट र श्री तारा प्रसाद खरेल लगायत समुहमा संलग्न प्रशिक्षार्थी अधिकृतहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । भ्रमणको क्रममा विभिन्न सूचना तथा तथ्यगत सामाग्रीहरु प्रदान गरि सहयोग गर्न हुने वीरगञ्ज महानगरपालिकाका प्रमुख, पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी, Integrated Check Post का प्रमुख भन्सार अधिकृत, र चितवन जिल्लाका विभिन्न सरकारी निकायका कर्मचारी एवं स्थानिय निकायका निर्वाचित जनप्रतिनिधिका साथै स्थानीय जनमानस सम्पुर्णमा आभार प्रकट गर्न चाहान्छौं ।

प्रशिक्षार्थी अधिकृत<br>
रारा समुह<br>
BAT-33

## संक्षिप्त रुप

| | | |
|---|---|---|
| गा.पा. | : | गाउँपालिका |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| न.पा. | : | नगरपालिका |
| ASYCUDA | : | Automated System for Customs Data |
| BAT | : | Basic Administrative Training |
| HTP | : | Himalayan Terminal Pvt.ltd. |
| W.B. | : | World Bank |
| WWF | : | World Wildlife Fund |

## सारांश

देश दर्शन कार्यक्रम नवनियुक्त प्रशिक्षार्थी शाखा अधिकृतहरुलाई देशका विभिन्न भुभागहरुमा स्थलगत अवलोकन भ्रमणमा संलग्न गराई त्यस क्षेत्रको भौगोलिक अवस्थिति, भु–राजनीति, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक एवं पर्यावरणीय पक्षहरुको बारेमा विविध जानकारी प्राप्त गरी उक्त जानकारीको वस्तुपरक तवरबाट अध्ययन, विश्लेषण गर्दै आन्तरिकीकरण गर्न यो प्रतिवेदन लेखनको आवश्यकता महसुस गरिएको हो । स्थलगत भ्रमणका क्रममा विभिन्न समुदायको विगत, वर्तमान एवं भावी अवस्थाको सम्भाव्यता समेतको विस्तृत अध्ययन गरी यो प्रतिवेदन तयार पार्न यस प्रतिष्ठानले देश दर्शन कार्यक्रम मार्फत प्रशिक्षार्थी अधिकृतलाई अनिवार्य रुपमा सक्रिय सहभागी गराईएको हो । भ्रमणको क्रममा बहुभाषिक, बहुसास्कृतिक, बहुधार्मिक एवं बहुजातीय समुदायको सामाजिक, सास्कृतिक र धार्मिक अन्तरघुलनको वर्तमान अवस्था समेतको बारेमा विभिन्न सरकारी निकाय, समुदायमा प्रत्यक्ष उपस्थितभै विभिन्न पेशा तथा तह तप्काका मानिसहरुसँग अन्तरक्रिया मार्फत अन्तरसम्बन्ध स्थापित गरी सान्दर्भिक सूचना तथा जानकारी प्राप्त गरियो । भौगोलिक अवस्थिति तथा क्षेत्रीयता र राजनीतिक, आर्थिक, सामाजिक विभाजनले राज्यप्रति मानिसहरुको अपनत्वको भावना, राष्ट्रियता, राष्ट्रिय एकताको सवाल र राज्यद्वारा जनहित तथा नागरिक भलाई प्रवर्द्धन गर्न प्रवाह गरीने सार्वजनिक सेवाको वर्तमान स्थिति बारे समेत विभिन्न यथार्थपरक जानकारी वा सूचना संकलन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**विषय-सूची**

## अध्याय-एक

### १.१ अध्ययनको परिचय

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले नवनियुक्त शाखा अधिकृतहरुलाई प्रदान गर्ने आधारभुत प्रशासनिक प्रशिक्षण अन्तर्गत सात दिन अवधिको देश दर्शन कार्यक्रम पनि एउटा मुख्य पाटो भित्र पर्दछ । नवनियुक्त शाखा अधिकृतहरुलाई आफ्नो देशको भौगोलिक अवस्था, ऐतिहासिक ठाऊ, स्मारक एवं सम्पदा, सास्कृतिक विविधता, आर्थिक गतिविधि, जीविकोपार्जन र सेवा प्रवाहको सम्बन्धमा जानकार बनाउन यस प्रकारको अध्ययन भ्रमणले टेवा पुऱ्याउँदछ । नेपाल सरकारको निजामती सेवामा प्रवेश गरे पश्चात सेवा प्रवाह गर्न जानु पर्ने नवनियुक्त शाखा अधिकृतहरुलाई सेवा प्रवाहको अवस्था, सेवा प्रदायक र सेवाग्राहीहरु बीचको सम्बन्ध,  सेवा प्रवाहमा देखिएको समस्या र चुनौती बारे अवगत हुँदै गुणस्तरीय, सरल, चुस्त, प्रभावकारी सेवा प्रवाह गर्नका निमित्त देश दर्शन कार्यक्रमले महत्वपुर्ण भुमिका खेल्ने देखिन्छ । भर्खरै शाखा अधिकृतमा प्रवेश गरेका कतिपयले कार्यालय प्रमुखको हैसियतमा समेत काम गर्नुपर्ने हुन्छ । कार्यालयमा निर्णय गर्नु पर्दा पनि शाखा अधिकृत तहका कर्मचारीको महत्वपूर्ण भुमिका हुन्छ । यही परिप्रेक्ष्यमा आफ्नो देशको सम्पुर्ण वस्तुस्थितिको बारेमा जानकार रहदा भोलीका दिनमा काम गर्न सहज हुने देखिन्छ ।

देश दर्शन कार्यक्रमले आफ्नो देशको यथार्थ वस्तुस्थिति बुझ्न मद्धत गर्दछ । विविध भूगोल, क्षेत्र, सम्प्रदाय, जातजाती, लिंग आदिबाट शाखा अधिकृत तहमा प्रवेश गर्ने नवनियुक्तहरुलाई फरक भूगोल पेशा, व्यवसाय, संस्कृति आदि सँग परिचित गराउदै देशको जुनसुकै ठाउँमा गएर पनि सहज रुपमा सेवा प्रवाह गर्न तत्पर बनाउन यो कार्यक्रम निकैनै फलदायी हुने देखिन्छ ।

आधारभुत प्रशासनिक प्रशिक्षण अन्तर्गत सिकाइने सैद्धान्तिक र व्यवहारिक ज्ञानहरु मध्ये देश दर्शन कार्यक्रमले व्यवहारिक पक्षमा जोड दिन्छ । हाम्रो देश विविध भाषा, धर्म, संस्कृति, रीति रिवाज परम्परा र ऐतिहासिक सम्पदामा निकैनै धनी मानिन्छ । सो विषयलाई अध्ययनको केन्द्र बनाई पर्सा जिल्लाका विभिन्न स्थानहरु जस्तै जि.प्र.का., विरगञ्ज महानगरपालिकाको कार्यालय, सुख्खाबन्दरगाह तथा भन्सार कार्यालय विरगञ्च, गढीमाई, विन्ध्याबासीनी र चितवन जिल्लाका गोही प्रजनन केन्द्र, कसरा, चितवन राष्ट्रिय निकुञ्ज, माडी होमस्टे, पवित्र धार्मिक स्थाल देवघाट, ठोरी गा.पा., मनहरी गा.पा चेपाङ वस्ती लगायतका विभिन्न राजनैतिक,आर्थिक, सामाजिक, सास्कृतिक तथा धार्मिक महत्वका स्थलहरुको भ्रमण गरी विभिन्न जानकारीमूलक सूचनाहरुको संकलन गरेर सोको आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

## १.२. अध्ययनको उद्देश्य

विशेषतः देश दर्शन भ्रमण कार्यक्रमको उद्धेश्य आधारभूत प्रशासनिक प्रशिक्षणमा यसलाई तालिममको महत्वपुर्ण अवयवको रुपमा राखि नेपाल सरकारको नवनियुक्त शाखा अधिकृतहरुलाई राज्यको तोकिएको प्रशासनिक भूगोल , सरकारी निकायबाट प्रवाह गरिने सार्वजनिक सेवाको वर्तमान अवस्था आदिको चिनारी गराउदै उक्त स्थानकोभौगोलिक, सामाजिक, सास्कृतिक, धार्मिक र जातीय विविधता बारे जानकारी प्रदान गर्न र बस्तुस्थिती हेरी आफुलाई जनहित तथा लोककल्याणकारी सार्वजनिक सेवा प्रवाहमा समाहित हुनु पर्ने महत्वपुर्ण विषयको प्रत्यभुत गराउनु हो ।

## १.३ अध्ययनको क्षेत्र तथा सीमा

यस अध्ययन प्रतिवेदन तयार पार्न पर्सा र चितवन जिल्लाका विविध ग्रामिण तथा सहरी समूदायको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक वस्तुस्थिति र राज्यको तवरबाट लोक कल्याणकरी राज्य निर्माण गर्न भएका विविध प्रयास तथा विकास निर्माणका अभ्यास लगायत सिमा क्षेत्रको वर्तमान अवस्था आदिको सिमाभित्र रही सरकारी, गैरसरकारी, निजी संघसस्थाका कर्मचारी, स्थानिय जनप्रतिनिधि र स्थानिय जनसमूदायसँग अन्तरक्रिया तथा छलफल जस्ता विधिहरु अवलम्बन गरियो । सार्वजनिक प्रशासन तथा सरकारी निकाय र सो को मातहतमा रहेका निकायहरुले सर्वसाधरण जनतालाई प्रदान गरिने सेवाहरुको प्रकृति र सेवा प्रवाहको अवस्था समेत यस प्रतिवेदनमा संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिएको छ ।

## १.४ अध्ययन विधि

यस अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न ठाउँहरुको स्थलगत अवलोकन, कार्यालय प्रमुख तथा कर्मचारीहरु, जनप्रतिनिधि, स्थानीय बासिन्दाहरुसँग अन्तरक्रिया जस्ता प्राथमिक तथ्यांकका स्रोतहरु तथा इन्टरनेट र पत्रपत्रिकाहरुआदि द्वितीय तथ्यांकका स्रोतहरु समेत प्रयोग भएको छ । यस प्रतिवेदन तयार पार्ने क्रममा वर्णनात्मक तथा विश्लेषात्मक विधिको प्रयोग भएको छ ।

# अध्याय दुई

## २. अवलोकण तथा अध्ययन

KYC कार्यक्रम २०७५ अन्तर्गत नेपाल सरकारका नवनियुक्त प्रशिक्षार्थी शाखा अधिकृतहरु संलग्न यस भ्रमणको क्रममा पर्सा, बारा, चितवन र मकवानपुर जिल्लाका विभिन्न स्थानीय तह, सरकारी कार्यालयहरु, सामाजिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय स्थलहरुको स्थलगत अवलोकन गरी विविध सूचनामूलक जानकारी संकलन गरी यो अध्ययन प्रतिवेदन तयार पारिएको हो ।

## २.१ भौगोलिक अवस्था

### २.१.१ जिल्ला प्रशासन कार्यालय, पर्सा:

जिल्लाको सम्पुर्ण सुरक्षा एवं प्रशासनिक कामकारवाहीको केन्द्रबिन्दुको रुपमा रहेको तथा केन्द्र, प्रदेश र स्थानीय सरकार वीच connecting bridge को रुपमा रहेको यस कार्यालय विरगञ्ज महानगरपालिकाको मुटु घण्टाघरबाट करिब ५०० मिटर पश्चिम तर्फ अवस्थित रहेको छ ।

### २.१.२ विरगञ्ज महानगरपालिकाको कार्यालय, पर्सा:

विरगञ्ज महानगरपालिकाको कार्यालय पर्सा जिल्लाको दक्षिणी भेगमा अवस्थित छ । यसको दक्षिणी सिमाना भारतसँग जोडीएको छ । यसको कार्यालय आदर्शनगर (Green city) मा आफ्नै भवनमा रहेको छ ।

### २.१.३ विरगञ्ज सुक्खा वन्दरगाह, भन्सार कार्यालय:

व्यापारको सहजीकरणका लागि सन् २००० तिर विरगञ्ज भन्सारमा Heavy Traffic ले गर्दा रेल मार्गबाट आयात हुने सामानका लागि छुट्टै सुक्खा बन्दरगाहको आवश्यकता देखिएकोले यसको निर्माण कार्य सुरु भई सन् २००४ जुलाई १६ बाट सञ्चालनमा आएको र छुट्टै भन्सार कार्यालयको रुपमा काम गर्दै आएको यस सुक्खा बन्दरगाह नेपाल –भारत सिमाबाट ५०० मिटरको दूरीमा रहेको छ । यो करीब ३८ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

### २.१.४ Integrated Check Post (ICP)

नेपाल इन्टरमोडल यातायात विकास समिति अन्तर्गतको यो कार्यालय वि.सं. २०७४ चैत्र देखि संचालनमा आएको हो । भन्सार जाँचपास प्रक्रियालाई सहज बनाउन यसको स्थापना भएको हो । यसमा भारत र नेपाल दुवै तर्फ समान प्रकारका संरचना रहेका छन् । यो कार्यालय नेपालको पर्सा जिल्लाको सिर्सियामा विरगञ्ज सुख्खा बन्दरगाहाको पश्चिम पट्टी रहेको छ ।

### २.१.५ ठोरी गाउँपालिका

ठोरी गाउँपालिका हुनुभन्दा पहिले यो ठोरी गाउँ विकास समितिको नामले चिनिन्थ्यो जहाँ २०६८ सालको जनगणना अनुसार ७,१७३ जनसङ्ख्या थियो । यो गाउँपालिका प्रदेश नं. २ मा पर्ने पर्सा जिल्लाको दक्षिणी भेगमा पर्दछ । यो गाउँपालिका नेपाल भारत सिमा क्षेत्रमा अवस्थित छ । यो गाउँपालिका मध्यवर्ती क्षेत्रमा पर्दछ । यस गाउँपालिका र सुवर्णपुरको बीचमा जङ्गेपिलर(४३५) रहेको छ । पहाडी समुदायको बहुलता रहेको यस क्षेत्रमा केही थारु बसोबास गर्दछन् ।

### २.१.६ गढिमाई

बारा जिल्लाको सदरमुकाम कलैया बाट ८ कि.मि. दक्षिण तिर हुलाकी राजमार्ग जोडिएर रहेको छ । महागढीमाई नगरपालिका वडा नं. १, बरियारपुरमा करिब ११ बिगाहा जग्गामा अवस्थित गढीमाई नेपालकै एक प्रसिद्ध धार्मिक स्थलमध्येमा पर्दछ । बारा जिल्लाको सदरमूकाम कलैयाबाट करिव ८ कि.मि. दक्षिणतर्फ हुलाकी राजमार्गसँगै जोडिएर रहेको छ । २६°५९'३५.७" उत्तर ८५°०२'४७.८"पूर्वी निर्देशांकमा अवस्थित रहेको ६/११ विघा क्षेत्रफलमा फैलिएर रहेको छ ।

वि.सं. २०६० सालमा स्थापित गढीमाई मन्दिर संचालन तथा विकास समितिका वर्तमान अध्यक्ष रामचन्द्र साहको व्यक्तिगत लगानीमा गढीमाईको मुल मन्दिर निर्माण भएको हो । मुल मन्दिरको दायाँ तिर अवस्थित मन्दिर पटावाका स्थानीय बासिन्दाको पहलमा निर्माण गरिएको हो । मन्दिर स्थापना काल देखि नै भक्तालुहरुले आफ्नो मनोकांक्षा पूरा होस भनी भाकल गर्ने र पशु बलि दिने प्रथा चलिआएको भएतापनि वि. सं. २०६६ सालमा डा. बाबुराम भट्टराईको प्रधानमन्त्रीत्वकालमा बिनियोजित रु ५० लाख बजेटबाट २ बिगाहा जग्गा खरिद गरि बलि दिने व्यवस्थित ठाउँ बनाइएको छ । मुल मन्दिरको पछाडि निर्माणधीन पोखरीमा सूर्य मन्दिर बनाउने योजना मुताबिक काम भइरहेको देख्न पाइन्छ । यस सँगै गढीमाई मन्दिरको खुला चौरमा त्रिशुल समेत स्थापना गरिएको छ ।

### २.१.७ बिन्दयावासिनी मन्दिरः

पर्सा जिल्लाको वीरगंज महानगरपालिका वडा नं. १९, रानीघाटमा करिब ८ विगाहा जमिनमा अवस्थित यो मन्दिर स्थानीय गुठीबाट संचालन हुदै आएको छ ।

### २.१.८ माडी होमस्टेः

अयोध्यापुरी मध्यवर्ती होमस्टे नामले परिचित उक्त होमस्टे माडी नगरपालिका, वार्ड नं ८, शिवद्वार, चितवनमा पर्दछ । “जैविक विविधताको संरक्षण गरी पर्यापर्यटनको विकास गरौ” भन्ने आदर्श वाक्य रहेको उक्त होमस्टेको विधिवत समुद्घाटन माननीय वन तथा भू-संरक्षण मन्त्री अग्निप्रसाद सापकोटाले वि.सं. २०७२ साल पौष १२ मा गर्नुभएको थियो । कुल ३३ घरधुरी रहेको उक्त समुदायमा ११ घरधुरीहरु होमस्टेमा आवद्ध रहेका छन् । उक्त होमस्टे सञ्चालनका लागि नेपाल सरकार, पर्यटन बोर्ड, विश्व वन्यजन्तु कोष (WWF), Intrepid Group, Australian Aid, चितवन राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र (अयोध्यापुरी उपभोक्ता समिति) जस्ता निकायहरुबाट सहयोग प्राप्त हुँदै आएको छ ।

### २.१.९ माडी मध्यवर्ती क्षेत्र

नेपालमा विभिन्न राष्ट्रिय निकुञ्जहरुको स्थापना पश्चात् निकुञ्ज क्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय बासिन्दहरु र निकुञ्ज प्रशासनका बीचमा उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्ने उद्देश्यका साथ वि.सं. २०५२ मा मध्यवर्ती क्षेत्रको अवधारणा ल्याइएको थियो । यसै अनुरुप चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएका कारण उक्त निकुञ्जले ओगटेको वनमा आश्रित भएका समुदाय र निकुञ्ज प्रशासनबीच उत्पन्न भएको द्वन्द्वको व्यवस्थापन गर्ने उद्देश्यका साथ चितवन जिल्लाको माडी नगरपालिकामा माडी मध्यवर्ती क्षेत्रको स्थापना भएको हो । यस मध्यवर्ती क्षेत्रमा स्थानीयबासीहरुको प्रत्यक्ष सहभागितामा संरक्षणका कार्यक्रमहरु अगाडि बढाइएको अवस्था विद्यमान रहेको छ ।

### २.१.१० चेपाङ बस्ती : मनहरी गाउपालिका मकवानपुर

महेन्द्र राजमार्गबाट करिब ६ कि.मि.को दुरीमा रहेको मनहरी गाउँपालिका वडा नं. ३ मा रहेको चेपाङ बस्ती मनहरी खोलाको किनारमा रहेको छ । यातायातको सुविधा नभएकाले वर्षायाममा त्यहाँ पुग्न एक दिन भन्दा बढी लाग्ने गर्दछ । मकवानपुर जिल्लाकै विकट पहाडी भौगोलिक अवस्थिति रहेको मनहरी गाउँपालिकामा चेपाङ बस्ती रहेको छ जहाँ जम्मा १५ घरधुरी चेपाङहरु रहेका छन् ।

### २.१.११ देवघाट : देवभूमि

यो पावन भूमि तीनवटा जिल्ला तनहुँ, चितवन, र नवलपरासीको बीचमा अवस्थित रहेको छ । यो दुईवटा नदी त्रिशुली र कालीगण्डकीको संगमस्थलको रुपमा रहेको छ तथा यो देवभूमि ६ कि.मि. लम्बाई र ४ कि.मि. चौडाईमा फैलिएको छ ।

## २.२ ऐतिहासिक महत्वका स्थान, सम्पदा तथा स्मारकहरु

### २.२.१ गढीमाई

यस मन्दिरका पुजारी मंगल चौधरी थारुको दस पुस्ता अगाडिका पूर्वज भगवानदास थारुले आफू हत्या अभियोगमा  मकवानपुरगढी जेलमा थुनिएको बेला राति सपनामा वनदेवीको पूजा गर्नु अनि जेलमुक्त भइन्छ भन्ने कुरा देखेपछि उनले सोहीअनुसार आफूलाई जेलबाट छुट्कारा दिलाउने इष्टदेवीको त्रिशुल गाडेका र उक्तठाउँमा अहिलेको गढीमाई मन्दिर बनेको भन्ने किवंदन्ती पाइन्छ । उक्त त्रिशुल सेन राजाको पालामा भगवानदास थारुले वनदेवीको रुपमा हेटौँडाबाट ल्याएर स्थापना गरेको भन्ने भनाई पनि प्रचलित छ । यस मन्दिरमा १७ औं शताव्दी देखि नै बलि प्रथा शुरुवात भएको विश्वास रहेको सो मन्दिरका पुजारी मंगल चौधरीले बताउनुभयो ।

गढीमाईको पर्यटकीय प्रवर्द्धनमा राष्ट्रिय चासो कम रहेको गुनासो स्थानीयले गरेको पाइयो । करोडौंको संख्यामा पर्यटक आउने र मुख्य पर्यटकीय गन्तव्य रहेतापनि सरकारले यसको व्यवस्थापन, संरक्षण, संवर्द्धनमा प्राथमिकता नदिएको देखियो । तर स्थानीय निर्वाचन र स्थानीय सरकार गठन भएपछि गढीमाईलाई स्थानीय र प्रदेश सरकारले यसको पर्यटन प्रवर्द्धनमा चासो दिएको र हाल केही कार्यक्रमहरु स्थानीय र प्रदेस सरकारको पहलमा संचालन भइरहेको त्यहाँको समितिसँग गरेको

अन्तर्क्रियाबाट जानकारी प्राप्त भयो । राष्ट्रिय प्राथमिकता र स्थानीय प्राथमिकता पर्यटन प्रवर्द्धन गर्नु र ऐतिहासिक महत्व  संरक्षण गर्नु रहेको छ ।

### २.२.२ बिन्ध्यवासिनी मन्दिरः

दैवी शक्ति रहेको भनी बिश्वास गरिएका राजा रणबहादुर शाहलाई अंग्रेजले नजरबन्दमा राखेका बेला भारतको बिन्ध्याचलमा स्थापना गरिएको बिन्ध्यवासिनी देवीको तपस्या गरेपछि उनलाई देवीले अंग्रेजबाट छुटाएको र राजालाई दर्शन दिएकी भन्ने जन बिश्वास रहेको छ ।  राजाले देवीलाई आफुसँगै लैजाने प्रस्ताव राखेपछि देवीले मानेकी र सन्ध्या हुदा मलाई जहाँ पुर्‍याउँछौ, म त्यही बस्छु भनेकी हुनाले हाल मन्दिर रहेको ठाउँमा आइपुग्दा सन्ध्या भएकोले देवीको मुर्ती त्यही स्थापना गरिएको किम्बदन्ती पाइन्छ ।

मूर्ति स्थापना गरिए पश्चात् मन्दिर बनाउँदा कुन ठाउँमा बनाउने भनी विवाद भएको तथा अरु सबै ठाउँमा मन्दिर बनाउँदा काम गरेको दिनमा बनाइएको भाग भोलिपल्ट आउँदा भत्किसकेको हुने तर अहिले मन्दिर बनाइएको ठाउँमा नभत्किएकाले बिन्धयावासिनी देवीको मन्दिर यही स्थानमा बनाइएको भन्ने भनाइ रहेको छ ।

अठारौं शताब्दीमा नै मन्दिर बनाइएकोमा पूरानो मन्दिर जीर्ण भएपश्चात् हालको मन्दिर बि.सं.२०२६ सालमा राजा महेन्द्रको पालामा बनाइएको र रानी रत्नराज्य लक्ष्मीबाट उद्घाटन गरिएको हो । बिन्ध्यवासिनी देवीको दर्शनबाट मनोकाङक्षा पूरा हुन्छ भन्ने जनबिश्वास रहेको छ ।

### २.२.३ चेपाङ बस्ती : मनहरी गाउँपालिका मकवानपुर

चेपाङ समुदाय रामका छोरा लवकुशका सन्तान भएको मान्यता रहि आएको, चेपाङका राजा उड्न सक्ने क्षमताका थिए भन्ने किम्बदन्ती रहेको छ । आदिम थलो थाहा नभए पनि, मकवानपुर, चितवन, धादिङ, र गोरखा जिल्लामा चेपाङ समुदायको रस्तीबस्ती रहिआएको छ । चेपाङ र बन विच अन्योन्याश्रीत सम्बन्ध रहेको छ । मातृसत्तात्मक चेपाङ समुदायमा भूमी पुजा अर्थात जमीनको पुजा गर्ने परम्परा रहेको र केटी माग्न जादा रक्सी र भाले लिएर जाने, केटी पक्षबाट स्वीकृत भएमा पोङ अर्थात रक्सीको भाडो फोरेर खाने चलन रहेको पाइन्छ । छोरीलाई चिउरीको बोट दाईजो दिने प्रचलन रहेको यस जातलाई वि.स. २०३५ सालमा राजा विरेन्द्रले आफ्ना प्रजा भनी चेपाङलाई प्रजा भन्न थालिएपनी उनिहरु आफुलाई चेपाङ नै भन्न रुचाउछन् । वि.स. २०६४ को संविधानसभा चुनावमा यस समुदायबाट गोविन्दराम चेपाङ चुनिएका थिए ।स्थानिय सरकारमा यस समुदायबाट ४ जिल्लामा ११ जना वडा अध्यक्ष निर्वाचित भएका छन् ।

### २.२.४ देवघाट : देवभुमी

देवघाट दुई शब्द देव र घट्ट मिलेर देबघट्ट हुदै नामाकरण रहेको जसको अर्थ देव भन्नाले देवताहरु र घट्ट भन्नाले जमघट हुने । जसअनुसार देवताहरुको जमघटहुने स्थाननै देवघाट हो । पाणीनी ऋषीको जन्मस्थल भएको हुनाले पाणीनी भुमी पनी भनीन्छ । बिश्वमै शालग्राम पाईने एकमात्र

नदी कालीगण्डकी नदीले देवघाटलाई पवित्र बनाएको छ । यसक्षेत्रमा पितृलाई तर्पण दिए काशी जानुपर्दैन भन्ने बिश्वास समेत रहेको छ। यस क्षेत्रमा ४ वटा आश्रम रहेका छ ।

## २.३ सांस्कृतिक विविधता

### २.३.१ गडीमाई

नेपाल, भारत र पाकिस्तान लगायतका देशका मानिसहरुले आफ्नो मनोकांक्षा पूरा होस भनि गढीमाई मातालाई बलि चढाउने भाकल गर्ने प्रचलन रहेको यस मन्दिरमा पञ्चवर्षीय रुपमा मंसिर सप्तमीका दिन भव्य मेला लाग्ने गर्दछ । मंसिर सप्तमीमा पूरा हुन नसकेको बली माघे संक्रान्ति र होलीको बेलामा दिइने गरिन्छ । विवाह पञ्चमीका दिन यस मन्दिरमा मेला लाग्नुका साथै करिव २/३ हजार विवाह हुने गरेको तथ्यांक भेटिन्छ । विवाह गरिदिएबापत सेवा शुल्कको रुपमा केटा पक्षबाट रु ५०० र केटी पक्षबाट रु ३०० लिने गरिन्छ ।

#### २.३.१.१ पुजाको विधी

शुरुवातमा वर्षेनी पुजा गर्ने र नरबली दिने प्रथा रहेको थियो तर हाल नरबलीलाई परिमार्जन गरि जिव्रो, कान, दाहिने छाती, निधार र तिघ्रा गरी ५ ठाउँको ५ थोपा रगत झ्याँकीद्वारा चढाएर पुजा गर्ने गरिएको छ । बोका, जंगली सेतो मुसा, सुगुँर , मुर्गा, हाँसको अण्डा गाडेर सो ठाउँमा त्रिसुल स्थापना गरी पुजा गर्ने चलन रहेको छ । मन्दिर व्यवस्थापन समितिका अध्यक्षले दिनुभएको जानकारी अनुसार दैनिक रुपमा पुजा गर्ने भक्तजनहरु प्राय सधै जसो हुने गरे पनि विशेष गरी शनिवारका दिन औषतमा करिब १० देखि २० हजारको हाराहारीमा दर्शनार्थीहरु आउने गर्दछन् । हाल ठूलो मेला पञ्चवर्षीय रुपमा लाग्ने गरेको र आउँदो मेला वि. सं. २०७६ मा लाग्नेछ । सो मेलाको बेलामा गढीमाईको मूर्ति पूर्व तर्फ अवस्थित बलि दिने ठाउँमा सार्ने गरिन्छ । पञ्चवर्षीय मेलामा करिब २० हजार राँगा र अन्य जीवको पनि उल्लेख्य रुपमा बलि दिइन्छ । पुजारी मंगल चौधरी थारुका अनुसार मेला भर्न नेपाल, भारत लगायत पाकिस्तानका मुस्लिमहरु पनि आउने गर्दछन् । थारु पूरोहित रहने, मुस्लिमहरु समेत मन्दिरमा आउने र हिन्दु धर्म मान्ने सबै सम्प्रदायका मानिसले सौहार्दतापूर्वक बलि दिने एवं पुजाआजा गर्ने चलन विद्यमान रहेको गढीमाई मन्दिरको आफ्नै छुट्टै धार्मिक एवं सांस्कृतिक विशेषता रहेको छ ।

#### २.३.१.२ विवादको विषय

गढीमाईको मुख्य चिनारी भनेकै पञ्चवर्षीय मेला र त्यसमा दिइने लाखौं पशुबलि हो । वर्षेनी दर्शन गर्न आउने भक्तजनहरुले आफ्नो मनोकांक्षा पूरा होस भनि गढीमाइको भाकल गर्ने र पञ्चवर्षीय मेलामा पञ्चवली लिएर आउने भएकाले वलि दिइने पशुहरुको सङ्ख्या उल्लेख्य भएको हो । १७ औं शताब्दी देखि नै वलि प्रथा चल्दै आएको भएतापनि हालका दिनमा पशु अधिकारवादी र विभिन्न गैर सरकारी संस्थाहरुले पशुवलिको निरन्तर विरोध गर्दै आएकाले गढीमाईको पञ्चवर्षीय मेला विवादित हुने गरेको छ । वलि रोक्न धर्ना, जुलुस गर्ने तथा सर्वोच्चमा पटक पटक मुद्दा परेपनि गढीमाई मन्दिरकै पक्षमा फैसला आएको गढीमाई मन्दिर संचालन तथा विकास समितिका सचिव मोतीलाल प्रसाद

कुशवाहाले बताउनुभयो । यसर्थ, पशुवली गढीमाईको छुट्टै धार्मिक एवं सांस्कृतिक विषय भएको तथा अदालतबाट समेत आफूहरुकै पक्षमा फैसला भएका कारण यो विवाद गरिरहनुपर्ने विषय नभएको समितिको ठम्याई रहेको छ ।

#### २.३.१.३ स्थानीय सरकारको भूमिका

गढीमाई मन्दिर भौतिक निर्माण, विकास, संरक्षण एवं संवर्द्धनका सम्बन्धमा विगतमा राज्य पक्षबाट निरन्तर उपेक्षामा परेपनि संघीयताको आगमन सँगै राज्यबाट सहयोगी हात फैलाइएको आभास भएको आशय समितिले प्रकट गरेको छ । विशेष गरी स्थानीय सरकारबाट आ. व. ०७४/७५ मा रु एक करोड ३५ लाख बजेट गढीमाई मन्दिरको भौतिक निर्माण, संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि बिनियोजित गरिएको मन्दिर व्यवस्थापन समितिका सचिव मोतीलाल प्रसाद कुशवाहाले जानकारी दिनुभयो । मुल मन्दिरको पछाडि पट्टि रहेको पोखरी निर्माणमा रु १० करोडको लागत अनुमान गरिएकोमा हाल रु ५० लाख खर्च छुट्टयाइएको र सो पोखरीको बीच भागमा सूर्यनारायण मन्दिर बनाउने योजना रहेको समितिले बताएको छ । गढीमाई मन्दिर व्यवस्थापन समितिमा ९ जना निर्वाचित र जिल्ला स्थित सम्पूर्ण पदाधिकारी पदेन सदस्य रहने व्यवस्था रहेको छ । यति हुदाँहुदैं पनि पञ्चवर्षीय मेलामा राष्ट्रिय एवं स्थानीय स्तरका विभिन्न संघ संस्थाहरुले सिर्जना गर्ने अवरोधले गढीमाईको धार्मिक तथा सांस्कृतिक पक्षमा व्यवधान खडा गर्ने राय समितिले व्यक्त गरेको छ ।

### २.३.२ माडी होमस्टेः

मुलभूत रुपमा पर्वत तथा म्याग्दी जिल्लाबाट बसाईसराई गरी आएका पुन मगरहरुको बाहुल्यता रहेपनि यस  समुदायमा राई तथा नेवार समुदायको पनि आंशिक बसोबास रहेकोले यस क्षेत्रमा मिश्रित संस्कृति रहेको पाइन्छ । पर्यटकहरुलाई प्रदर्शन गरिने सांस्कृतिक कार्यक्रममा मगर समुदायको भेषभुषा, भाषा, संस्कृति र रहनसहनलाई जगेर्ना गर्ने प्रयास गरेको पाइयो । यस्ता प्रकारका सांस्कृतिक कार्यक्रमहरु व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सामुदायिक सांस्कृतिक केन्द्रको पनि स्थापना गरेको पाइयो ।

## २.४ आर्थिक तथा जनजीविका

### २.४.१विरगञ्ज सुक्खा वन्दरगाह, भन्सार कार्यालयः

नेपालको भारतसँग व्यापार हुने मुख्य नाका विरगञ्ज सुक्खा बन्दरगाह भएकोले यसलाई Gate way to Nepal पनि भन्ने गरिन्छ । सामान ढुवानीका लागि जलमार्ग सबैभन्दा सस्तो पर्ने भएपनि नेपालको सन्दर्भमा यो सुविधा उपलब्ध नभएकोले सडक मार्ग र हवाइ मार्ग भन्दा तुलनात्मक रुपमा रेलमार्ग सस्तो पर्ने भएकोले यसलाई हरेक सामान निकासी पैठारीको लागि सबै भन्दा किफायती माध्यम मान्न सकिन्छ ।

क) उक्त भन्सार कार्यालयमा २९ जना सरकारी कर्मचारी रहेका,
ख) १५०० भन्दा बढी मानिसहरुले रोजगारी पाएका,

ग) धेरै संख्यामा ट्रक तथा कन्टेनरहरु engage भएको
घ) समग्रमा यसले देशको अर्थतन्त्रलाई चलायमान बनाएको,

#### २.४.१.१ राजस्व संकलनको अवस्थाः

नेपालमा सबै भन्दा बढी राजस्व संकलन हुने भन्सार कार्यालयको रुपमा यसलाई लिइन्छ। आ.व.२०७४–७५ को राजस्व असुली लक्ष्य रु.२९ अर्व रहेकोमा पुस मसान्त सम्ममा जम्मा रु.१२ अर्व संकलन भैसकेको छ । आ.व.२०७३–७४ मा रु.१ खर्व ५ अर्व ३३ करोड ४७ हजार मूल्य बराबरको सामान पैठारी हुँदा २० अर्व ९४ करोड ७ लाख ८७ हजार महशुल संकलन भएको छ।

#### २.४.१.२ समसामयिक मुद्धाहरु

क्षणिक आम्दानीका लागि युवाहरु मजदुरका रुपमा काममा लाग्ने भएकोले पढाइ लेखाइमा असर परेको, खुल्ला र वोराबन्दी सामानहरु Load/Unload गर्दा मजदुरहरुको स्वास्थ्यमा प्रतिकुलअसर पर्ने गरेको, रेल इन्जिन र ठूला Container हरु सञ्चालन हुँदा ध्वनी प्रदुषणको समस्या देखिएको, Dry Port को सम्पूर्ण Process मा सरकारी निकायको न्यून संलग्नता रहेको छ।

#### २.४.१.३ भावी योजना

ICP(Integrated Check Post) सञ्चालनको तयारी भइरहेको र यस अन्तर्गत Custom र Immigration एकै ठाउँबाट सञ्चालन हुने व्यवस्था गरिने भएको छ ।

### २.४.२ ठोरी गाउँपालिका

यस गाउँपालिकाका मानिसहरुको मुख्य पेसा कृषि र पशुपालन रहेको तर कृषि तथा पशुपालनबाट उत्पादित अन्य घरेलु उत्पादनको बेचविखन गर्न बजारको अभाव रहेको छ। बढ्दो वेरोजगारी समस्याको कारण अधिकतम युवाहरु वैदेशिक रोजगारीमा गएको अवस्था छ ।

यस गाउँपालिकाका बासिन्दाहरुले सामना गर्नु परेकका मुख्य समस्याहरु देहाय बमोजिम रहेका छन्:
क) सर्पको टोकाइबाट बच्न Vaccine को अभाव रहेको, वर्षेनी यस समस्याबाट धेरैको मृत्यु हुने गरेको,
ख) चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएकोले वन्यजन्तुको आक्रमण हुने गरेको साथै वाली नालीमा समेत क्षती पुगेको,
ग) सडकको अवस्था कमजोर रहेको, जङ्गलको बाटो प्रयोग गर्नु पर्ने भएकोले जङ्गली जनावरको आक्रमणको डर रहने गरेको,
घ) स्वास्थ्य चौकी, अस्पताल तथा विद्यालय जस्ता सरकारी सेवाका क्षेत्रहरुको अभाव रहेको,
ङ) नव निर्वाचित जनप्रतिनिधिहरुले विनियोजित बजेटको समानुपातिक समन्यायिक वितरण गर्न नसकेको जसले गर्दा यस गाउँपालिको समग्र विकासमा बाधा परेको

ठोरी गाउँपालिकामा सरकारी कार्यालयको उपस्थिति तथा सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छः

क) इलाका स्तरीय कार्यालय(प्रहरी, स्वास्थ्य चौकी, कृषि कार्यालय)को व्यवस्था

ख) जटिल प्रकृतिको रोगको उपचार गर्न विरगञ्ज, भारत तथा काठमाण्डौं धाउनु पर्ने समस्या

ग) कृषकलाई पर्याप्त विउविजन तथा पशुपालनमा भेटनरीको व्यवस्था अपर्याप्त रहेको जनगुनासो

### २.४.३ गढीमाई

**स्थानीय जनजीवनमा असर**

गढीमाईको पञ्चवर्षीय मेला लाग्दा यस क्षेत्रमा आर्थिक गतिविधि ह्वात्तै बढ्ने गर्दछ । यस मन्दिरको नजिकै रहेका करिब २१ घरपरिवार मन्दिरमा पुजाआजा गर्ने सामग्रीको व्यापारमा संलग्न रहेकाले प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । उनीहरुले औषतमा दैनिक रु २००० जति आम्दानी गर्ने गरेका छन् । मेला भर्न आउने मानिसहरुलाई स्थानीयले विशेष आथित्यताका साथ स्वागत गर्ने गर्दछन् । यस मन्दिरमा बलि दिएका पशुको सिनो स्थानीय दलितलाई सित्तैमा वितरण गरिन्छ भने छाला विक्री गरेर समितिले आम्दानी गर्दछ । बलि दिइएका पशुहरुको भुडीँ व्यवस्थापन भने चुनौतीपूर्ण एवं वातावरणीय दृष्टिकोणले संवेदनशील रहेको देखिन्छ ।

### २.४.४ माडी होमस्टेः

यस अयोध्यापुरी मध्यवर्ती होमस्टेमा आबद्ध भएका सम्पूर्ण घरधुरीहरुबाट आय आर्जन भएको रकमको १० प्रतिशत रकम समुदायको हितका लागि खर्च हुने र बाँकी रकम परिवारको आर्थिक उपार्जनका लागि प्रयोग हुने कारणले यस होमस्टेले परिवार तथा समाजको पनि आर्थिक स्थितिमा सुधार ल्याउने देखियो । यसका अतिरिक्त यस होमस्टेले सामाजिक र आर्थिक जीवनमा पारेका प्रभावहरु यस प्रकार रहेका छन् :

- मगर समुदायको भाषा, संस्कृति, मौलिक बाजाहरु र भेषभुसाको संरक्षण र प्रवर्द्धनमा उल्लेखनिय योगदान गरेको ।
- मिश्रित समुदायबाट होमस्टे सञ्चालन भएको हुँदा सामाजिक एकता, सद्भाव र मेलमिलापको वातावरण बनेको छ ।
- होमस्टे सञ्चालनले समग्र माडी क्षेत्रको गरिमा अभिवृद्धि भएको ।
- सांस्कृतिक कार्यक्रम मार्फत संकलन भएको रकम समुदायको हितका लागि उपयोग गरिने हुँदा व्यवसायिकता प्रवर्द्धन भएको ।
- होमस्टे सञ्चालनमा आवद्ध परिवारको आर्थिक अवस्था सुधारोन्मुख रहेको ।

- विदेश पलायनलाई निरुत्साहित गर्दै यस्तै प्रकारका पर्यटन व्यवसाय सञ्चालन गर्नेतर्फ आकर्षण बढ्दै गएको ।

### २.४.४.१पर्यटन प्रवर्द्धनमा होमस्टेको योगदान

समग्र माडी क्षेत्रमा हुने पर्यटकहरुको आवगमन तथा यस क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्नका लागि यस होमस्टेका योगदानहरु निम्नानुसार रहेको पाइन्छ :

- विगत दुई वर्षमा यस होमस्टेमा करिब सात हजार आन्तरीक एवम बाह्रय पर्यटकहरुको आवगमनलाई हेर्दा यस क्षेत्रमा पर्यटन व्यवसाय प्रवर्द्धनमा होमस्टेको योगदान रहेको देखिन्छ ।
- चितवन राष्ट्रिय निकुञ्ज तथा माडी मध्यवर्ती क्षेत्रको पर्यापर्यटन संरक्षणमा यस होमस्टेले महत्वपूर्ण भूमिका खेलेको छ जसका कारण यस क्षेत्रमा पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ ।
- चितवन जिल्लाको समग्र पर्यटन विकास एवम प्रवर्द्धनको लागि माडी होमस्टे एक नवीन पर्यटकिय गन्तव्यका रुपमा विकसित हुँदै गएका कारण भविष्यमा यो स्थानले पर्यटन प्रवर्द्धनमा थप योगदान पुऱ्याउने देखिन्छ ।

### २.४.४.२ होमस्टेमा देखिएका समस्याहरु

सुपथ मुल्यमा पारिवारिक वातावरणमा गुणस्तरिय सेवा प्रवाह गर्दै आएको भएपनि यस हामस्टेका पनि आफ्नै विविध समस्याहरु रहेका छन् । यस होमस्टेमा देखिएका मुख्य समस्याहरु यसप्रकार रहेका छन् :

- प्रचार प्रसारको कमी रहेको कारण पर्याप्त पर्यटकहरुको आवगमन नभएको ।
- स्थायी प्रकृतिको बाटो नभएको र वर्षा याममा भएको कच्ची बाटोपनि जलमग्न हुने भएका कारण वर्षै भरी होमस्टे सञ्चालन गर्न नसकिएको ।
- स्थानीय समुदायमा रहेको सीप, कला-कौशल तथा उत्पादनलाई आयआर्जनमूलक बनाउन नसकिएको ।
- होमस्टेमा उपलब्ध सेवा तथा सुविधाहरुलाई बजार मूल्य अनुरुप समायोजन गर्न नसकिएका कारण पर्याप्त आयआर्जन हुन नसकेको ।
- विद्युतको व्यवस्था नभएका कारण बैकल्पिक ऊर्जाको माध्यमबाट होमस्टे सञ्चालन गर्नुपर्ने वाध्यता रहेको ।
- नेपाल सरकार तथा राष्ट्रिय निकुञ्ज प्रशासनबाट अपेक्षा अनुरुपको सहयोग उपलब्ध नभएको जनगुनासो रहेको ।

### २.४.४.३ होमस्टे सञ्चालनमा भएका व्यवस्थापकिय पहलहरु

यस अयोध्यापुरी मध्यवर्ती होमस्टेमा थप पर्यटकहरुलाई आकर्षित गर्न तथा यहाँ उत्पन्न हुने विभिन्न समस्याहरुलाई सम्बोधन गर्न भएका व्यवस्थापकिय पहलहरु निम्न बमाजिम रहेका छन् :

- गुणस्तर अभिवृद्धिका लागि तालिम एवम गोष्ठिहरु सञ्चालन हुने गरेको ।
- होमस्टे सञ्चालक समितिले आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको ।
- अन्य होमस्टेहरुको पनि आवधिक अध्ययन तथा अवलोकन गरी सकारात्मक पक्षहरुलाई अनुशरण गर्ने गरेको ।
- हरेक कोठाहरुमा सुझाव संकलनका लागि सुझाव पुस्तिकाको व्यवस्था गरेको ।
- दातृ निकाय, सहयोगी संस्था, मध्यवर्ती क्षेत्र, निकुञ्ज प्रशासन तथा अन्य सरोकारवाला पक्षहरुसँगको सहकार्य तथा समन्वयमा होमस्टेसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन हुँदै आएको ।

### २.४.५ माडी मध्यवर्ती क्षेत्र

मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने समुदायका मानिसहरुको जीविकाको मूख्य श्रोतका रुपमा कृषि र पशुपालन रहेको छ । करिब ३६,००० जनसंख्या बसोबास गर्ने यस क्षेत्रमा विशेषगरी अन्य विभिन्न क्षेत्रबाट बसाईसराई गरेर आएका जनजातिहरुको बाहुल्यता पाइन्छ । पर्वत तथा म्याग्दी जिल्लाबाट आएका पुन मगरहरु तथा अन्य क्षेत्रबाट आएका राई, नेवार लगायत अन्य जनजातिलाई यो क्षेत्रमा नदी किनारको बढी उब्जनी हुने माटोले आकर्षित गरेको हो । यसै मध्यवर्ती क्षेत्रको अवधारणाले गर्दा नै यहाँ बसोबास गर्ने समुदायले होमस्टेको पनि सुरुवात गरेको पाइन्छ । यस क्षेत्रका बासिन्दाहरु कृषिका लागि आवश्यक सिंचाइका लागि स्थानिय रेहु नदीमा तथा पशुपालनका लागि आवश्यक चरीचरन तथा वनपैदावारहरुका लागि निकुञ्ज तथा सामुदायिक वनमा आश्रीत रहेका छन् ।

### २.४.६ चेपाङ बस्ती : ठाडे, राक्सीराङ गाउपालिका मकवानपुर

परम्परागत कृषि प्रणाली अपनाईरहेका चेपाङ समुदायको खेतीपाती बाट छ महिना पनी खान नपुग्ने अवस्था छ । मनहरी खोलामा परापूर्वकालदेखी नै माछा मार्दै आइरहेको भएपनी हालका दिनमा मनहरी खोलामा भईरहेको उत्खननका कारण माछा पाउन छाडेको र स्थानिय समुदाय गीट्टी बालुवा ओसार प्रसारमा कामदारको रुपमा काम गर्दै आएका छन् । बैदेशिक रोजगारका लागी भारत लगायत खाडी मुलुकमा जाने गरेको अवस्था छ।

### २.४.७ देवघाट : देवभुमी

आन्तरिक धार्मीक पर्यटक बर्षेनी बढिरहेकोअवस्था रहेको छ। बाह्य पर्यटनमा भारतबाट समेत पर्यटक आउने गरेका अवस्था रहेको पाइयो । हिजोका दिनहरुमा अनेक कष्टगरी दर्शनशास्त्र पढ्न भारत जानुपर्ने बाध्यता रहेपनी अहिले यहाको वेदवेदाङ्ग विद्यालयमा करिव २०० विद्यार्थि दर्शनशास्त्र अध्ययन गरिरहेका छन् । देवघाट परिसरमा करिब ५५० भिक्षुभिक्षुणीको बसोबास रहेको छ । यस क्षेत्रमा प्रशिद्ध हरीहर मन्दिर रहेको छ । यस क्षेत्रमा सीता गुफा र वाल्मीकि गुफा पनी रहेका छन् । यस क्षेत्रमा माघेसंक्रान्तिमा ३ दिनसम्म मेलालाग्ने, यसैसाथ ग्रहण लागेको बेला, शिवरात्रीको दिन र बोलबमको बेला पनी मेला लाग्ने गरेको छ ।

## २.५ सेवा प्रवाह

### २.५.१ जिल्ला प्रशासन कार्यालय, पर्सा:

यस कार्यालयबाट प्रदान गरीने सेवा प्रवाह देहाय बमोजिम रहेको पाइयो:

क) सिमा सुरक्षा:

नेपालका जिल्लाहरु मध्ये सबैभन्दा बढी भारतसगै खुला सिमाना जोडिएको जिल्ला (करिब ११८ कि.मि.) भएको हुनाले भारतसँगै सिमाना व्यवस्थापनका लागि करिब १०५९ सिमा स्तम्भ यस जिल्लामा रहेका कारण सुरक्षा का दृष्टिकोणले अत्यन्त संबेदनशिल जिल्लाको रुपमा समेत रहेको छ ।

ख)नियमित प्रशासनिक क्रियाकलाप:

- नागरिकता वितरण : वंशज र वैवाहिक अगिंकृत गरी दैनिक ५० नागरिकता वितरण गरिने गरेकोमा १० वटा नागरिकता वैवाहिक अंगिकृत रहेको छ।
- राहदानी वितरण : दैनिक २० देखी २५ वटा वितरण तथा सिफारिश गर्ने गरिएको छ ।
- नेपाल सरकारको प्रमुख प्रतिनिधीका रुपमा प्रमुख जिल्ला अधिकारीले काम गर्ने गरेको छ।
- अर्धन्यायिक कार्य : सार्वजनिक अपराध लगायतका अर्धन्यायिक कार्यहरु समेत प्र.जि.अ.द्वारा सञ्चालन गरिएको छ ।

### २.५.२ विरगञ्ज महानगरपालिकाको कार्यालय, पर्सा:

- पञ्जिकरण दर्ता–जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद र मृत्यु दर्ता जस्ता नियमित क्रियाकलाप गर्ने गरेको,
- मालपोत सम्बन्धी कार्य– नगरसभा बाट पारित निर्णय बमोजिम स्थानीय कारहरु उठाउने गरेको,
- संघीयताको कार्यान्वयन गर्ने क्रममा जिल्लामा रहेको २८ वटा विषयगत कार्याललयहरु महानगरपालिकामा गाभिएको हुँदा कामको चाप अनुसार कर्मचारीको संख्याको अनुपात नमिल्दा स्थानीय सरकारद्वारा प्रदान गरिने सेवा प्रवाहमा कठिनाई सिर्जना भएको,

- विरगञ्ज उपमहानगरपालिका महानगरपालिकामा स्तर वृद्धि भएपनि बजेट उपमहानगरपालिका अनुसार नै विनियोजन भएको हुँदा महानगरका आवश्यकता पुर्ति गर्न कठिनाई भएको,
- दरबन्दी अनुसार कर्मचारीको परिपुर्ति नभएको ।

### २.५.३ माडी होमस्टेः

होमस्टे सञ्चालन गर्नका लागि आवश्यक भौतीक पूर्वाधारहरु (सयन कक्ष, बाथरुम, ट्वाइलेट) हरुको निर्माण गर्न प्रतिघर रु आठ लाख खर्च भएकोमा अयोध्यापुरी सहकारी संस्थाले बिना धितो रु दुई लाख ऋण उपलब्ध गराएको थियो । पूर्वाधारहरुको निर्माण पश्चात बेलाबेलामा हुने होमस्टेको स्तरोन्नतीका लागि Intrepid Group र Australian Aidनामक संस्थाहरुले कुल लागतको ७५ प्रतिशत सम्म सहयोग गरेको पाइयो ।

अत्यन्तै शान्त एवम स्वच्छ वातावरणमा स्थापना गरिएको यस होमस्टेमा आइपुग्ने पर्यटकहरुलाई खुला हृदयले स्वागत तथा सत्कार गरेको पाइयो । यस होमस्टेमा पारिवारिक वातावरणमा सुपथ, सुलभ तथा गुणस्तरिय सेवा प्रदान गरेको पाइयो ।

# अध्याय तीन

## ३. अनुभुती गरिएका कुराहरु

### ३.१ जिल्ला प्रशासन कार्यालय, पर्सा:

जिल्ला प्रशासन कार्यालयको अवलोकन भ्रमणमा देहाय बमोजिमको जानकारी प्राप्त भयो ।

- Fixed Boundary principles को आधारमा सिमा निर्धारण हुने व्यवस्था,
- Field survey team को व्यवस्था,
- Border working group को व्यवस्था,
- जिल्ला प्रशासन कार्यालयको भवन पूरानो रहेको, उपयुक्त भौतिक संरचनाको अभावमा सेवा प्रवाहमा कठिनाइ,
- कर्मचारीको दरबन्दी अनुसार मिलान नभएको (दरबन्दी ३२ भएको १६ जना कर्मचारी) ।

### ३.२ विरगञ्ज महानगरपालिकाको कार्यालय, पर्सा:

विरगञ्ज महानगरपालिकाको अवलोकन भ्रमणमा देहाय बमोजिमको जानकारी प्राप्त भयो ।

- सडक/यातयात– आधुनिक विकासको सुरुवात भएको जिल्ला,
- शहरका मुल सडकहरु पक्की रहेको र शाखा सडकहरु ग्राभेल गरिएको पाइयो । सम्पुर्ण नागरिकहरु यातयात सुविधाको पहुँचमा रहेको,
- स्वास्थ्य सम्बन्धी पुर्वाधार (विरगञ्ज नेशनल मेडिकल कलेज, नारायणी उपक्षेत्रीय अस्पताल) को अवस्था उल्लेखिनिय रहेको,
- शहरहरुको तुलनात्मक अध्ययन गर्दा विरगञ्ज महानगर केहि फोहोर देखिए पनि सुधारन्मुख अवस्था रहेको,
- स्थानीय सरकारका कर्मचारी र जनप्रतिनिधी वीच दोषारोपणको अवस्था,
- कामको चाप अनुसार कर्मचारीको उपलब्धता नभएको,
- विषयगत कार्यालयहरु महानगरपालिकामा गाभिए पनि विषयगत कार्यालयबाट प्रवाह गरिने सेवाहरु दिन महानगरपालिकामा पर्याप्त संरचना नभएको ।

### ३.३ विरगञ्ज सुक्खा वन्दरगाह, भन्सार कार्यालय:

विरगञ्ज सुक्खा बन्दरगाह तथा भन्सार कार्यालयको अवलोकन भ्रमणमा देहाय बमोजिमको जानकारी प्राप्त भयो ।

- यसको निर्माणमा W.B. को सहयोग रहेको,
- यस सुक्खा बन्दरगाहमा विशेष गरि कलकत्ता, पटना र विशाखापटनबाट रेल मार्फत सामान आउने गरेको,
- यसको सञ्चालन Himalayan Terminal Pvt.Ltd.(HTP) ले गरेको,
- यसमा सबै भन्दा बढी लगानीIndianPrivate Companyहरुको रहेको,
- ASYCUDA प्रविधि मार्फत सामानको detail entry भइसकेपछि सम्पूर्ण काम HTPL ले गर्ने गरेको,
- विशेष गरि यस बन्दरगाह मार्फत तीन प्रकृतिका सामान भित्रिने गरेका छन् ।
    - तेस्रो मूलुकबाट आउने Container हरु जस्तैःचीन, सिङ्गापुर
    - वोराबन्दीमा आउने सामानहरु जस्तैः सिमेन्ट, मल, मकै आदी (BCM,Cargo)
    - फलामका सामानहरु (BRM,Cargo)
- सामानलाई Red, Green, Blue र Yellow लेनमा वर्गीकरण गरि जाँचपास गरिन्छ । यसमा सामानको प्रकृति अनुसार Red लेनमा पर्ने लाई सत प्रतिशत जाँच गरिन्छ, Green लेनमा पर्ने सामानलाई स्वत स्वीकृति दिइन्छ भने Blue लेनमा परेका सामानको कागजात जाँचपास गरिन्छ ।

### ३.४ गढीमाई

आर्थिक, सामाजिक, ऐतिहासिक, साँस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टीकोणले महत्वपुर्ण स्थल गढीमाईमा साप्ताहिक रुपमा करीब बीस हजार भक्तजन दर्शन गर्न आउने हुँदा धार्मिक पर्यटनको उल्लेख्य सम्भावना रहेको छ । राज्यले धार्मिक पर्यटनबाट उच्च आर्थिक लाभ लिन सक्ने भएकोले यस क्षेत्रको बिकास र प्रवर्द्धनका निमित्त दीर्घकालीन रणनीति तयार गरी वार्षिक बजेटबाट समेत सम्बोधन गर्नु पर्ने देखिन्छ ।

स्थानीय जनताको आय आर्जनको मुख्य स्रोत रहेको तथा बली प्रथाको कारण स्थानीय पर्यावरणमा केही नकारात्मक असर पर्ने सम्भावना पनि रहेकाले राज्यले यी पक्षको व्यवस्थापनका लागी ध्यान दिन अत्यावश्यक छ ।

स्थानीय जनता तथा संस्कृति बलीकै पक्षमा रहेकोले एनजिओ तथा पशु अधिकारवादीहरुबाट सधै विरोध हुने गरेको भए तापनि गढीमाईको ऐतिहासिक महत्व तथा मौलिकता नै बलि प्रथामा रहेकाले कुनै ठाउँ बिशेषको प्रथा तथा सांस्कृतिक आस्थाको संवेदनशिलतालाई बुझ्रेर मात्र ती प्रथाको औचित्यताको लेखा जोखा गरिनु पर्ने हुँदा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा यस प्रथाको विरोधमा उठने आवाज तथा भ्रम चिर्न राज्य स्वयं नै अग्रसर हुनुपर्ने देखिन्छ ।

यसर्थ बलिबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्युनीकरण गरी मन्दिर परिसरको सरसफाई तथा फोहोर व्यवस्थापनमा उचित ध्यान दिदैं सम्भव भए सम्म पशु बलिको संख्या कम गर्दै लैजाने र मेलालाई सुव्यवस्थीत ढंगले संचालन गर्न बलि प्रथाको पक्षमा रक्षात्मक हुदै राज्यले धार्मिक पर्यटन प्रवर्द्धन गर्न जिम्मेवार ढंगले लाग्नु पर्छ । यसो गर्दा पर्यटन पनि प्रवर्द्धन हुने, नेपाल भारत सम्बन्धको धार्मिक आयामलाई पनि सन्तुलित राख्न सकिने र स्थानीय जनभावनाको पनि कदर हुने देखिन्छ ।

### ३.५ बिन्दयावासिनी मन्दिरः

धार्मिक तथा ऐतिहासिक महत्व बोकेको यस मन्दिरको संरक्षण, संवर्द्धन र विकासका निम्ती स्थानीय तथा केन्द्रीय सरकारले कुनै कदम चालेको देखिदैन । त्यसै गरी स्थानीय गुठी समिती तथा मोही बीचको जग्गा विवादले पनि मन्दिर संरक्षण तथा संचालनमा अवरोध खडा गरेको छ ।

### ३.६ माडी मध्यवर्ती क्षेत्र

मध्यवर्ती क्षेत्र निकुञ्जको आसपासको क्षेत्र भएका कारणले गर्दा यस क्षेत्रमा बसोबास गर्ने समुदायको आवश्यकता पूर्ती गर्ने र पर्यावरणको संरक्षण गर्ने मामिलामा प्रशासन र स्थानियविच द्वन्दको अवस्था प्राय रहने गरेको पाइन्छ । यसै सन्दर्भमा माडी मध्यवर्ती क्षेत्रका सवालहरु यसप्रकार रहेका छन् :

- निकुञ्जबाट आउने वन्यजन्तुहरुले जन-धनको क्षती गर्ने गरेको तर यस्तो प्रकारको क्षतीबापत प्राप्त हुने राहत न्यून रहेको र सो राहत प्राप्त गर्न झन्झटिलो प्रक्रिया रहेको ।
- नदी कटानका कारण धेरै परिवारहरु विस्थापित भएको र अझै परिवारहरु विस्थापित हुने खतरामा रहेको ।
- राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने समुदायबिच द्वन्दको स्थिति विद्यमान रहेको ।
- स्थानिय रुपमा उत्पादन भएका विभिन्न सामग्रीहरु बाहिर बजारमा वा अन्यत्र लैजान निकुञ्ज प्रशासनले लगाएको रोकप्रति स्थानियहरुको असन्तुष्टि ।
- मध्यवर्ती क्षेत्रमा स्थानियबासीहरुको पहलमा हुने विकास निर्माणका क्रियाकलाप सञ्चालन गर्न हुने विभिन्न कठिनाईहरु ।

#### ३.६.१ मध्यवर्ती क्षेत्रका समुदायको स्थानान्तरण

मध्यवर्ती क्षेत्र निकुञ्जले घेरिएको क्षेत्र भएकोले यस क्षेत्रमा बसोबास गर्ने मानिसलाई अन्यत्र स्थानमा स्थानान्तरण गर्नुपर्छ भन्ने आवाज निकुञ्ज प्रशासनले बेला-बेलामा उठाउँदै आएको भएपनि माडी मध्यवर्ती क्षेत्रमा करीब ३६,००० जनसंख्या रहेको कारणले उक्त सम्पूर्ण जनसंख्यालाई एकैपटक

अन्य स्थानमा स्थानान्तरण गर्ने कार्य आफैंमा कठीन रहेको छ । यसका साथै माडी मध्यवर्ती क्षेत्रका बासिन्दाहरु पनि अन्यत्र स्थानान्तरण हुनुभन्दा त्यही ठाउँमा बसोबास गर्न रुचाएको देखियो । यसका लागि वस्तीमा प्रवेश गरी क्षती पुऱ्याउने वन्यजन्तुको व्यवस्थापन गर्न निकुञ्ज प्रशासनले उचित ध्यान दिनुपर्ने उनीहरुको माग रहेको छ ।

### ३.६.२ निकुञ्ज प्रशासनको सामाजिक दायित्व

निकुञ्ज प्रशासनले मध्यवर्ती क्षेत्रका बासिन्दाहरुको गुनासो सुनुवाई नगरेको भन्ने जनगुनासो धेरै रहेको पाइए पनि निकुञ्ज प्रशासनले आफ्नो सीमामा रहेर विभिन्न प्रकारका सामाजिक दायित्व निर्वाह गरेको छ । निकुञ्ज प्रशासनले पूरा गरेका सामाजिक दायित्वहरु यसप्रकार रहेका छन् :

- वन्यजन्तुबाट बालीनालीको क्षती भएमा राहत स्वरुप रु दश हजार सम्म क्षतिपूर्ती दिने व्यवस्था गरेको छ ।
- वन्यजन्तुबाट मानविय क्षती भएमा राहत स्वरुप रु तीन लाख सम्म क्षतिपूर्ती दिने व्यवस्था गरेको छ ।
- स्थानियबासीको माग सम्बोधन गर्न बेला-बेलामा ऐन-नियम संशोधन गर्ने व्यवस्था गरेको छ ।
- राष्ट्रिय निकुञ्जबाट संकलित राजश्वको करिब ५० प्रतिशत रकम मध्यवर्ती क्षेत्रको समुदायको विकासमा खर्च गर्ने गरेको छ ।

### ३.६.३ मध्यवर्ती क्षेत्रको संरक्षणमा समुदायले खेलेको भूमिका

आफू बसोबास गरेको क्षेत्र भएको कारणले गर्दा मध्यवर्ती क्षेधमा बसोबास गर्ने समुदायका मानिसहरुले यस क्षेत्रको संरक्षणका लागि महत्वपूर्ण भूमिका खेलेका छन् । यस क्षेत्रको संरक्षणमा समुदायले खेलेको भूमिका देहाय बमोजिम रहेको छ :

- राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा हुने चोरी सिकारी नियन्त्रणमा सूचना प्रवाह गरेर त्यस्ता कार्यलाई न्यूनिकरण गर्न सहायता प्रदान गरेको छ ।
- सम्पदा तथा वन्यजन्तुको संरक्षण गर्ने कार्यका लागि सबैको ध्यानाकर्षण गराउने उद्देश्यले निकुञ्ज प्रशासन, स्थानिय जनता र सरोकारवाला सबैलाई समेटेर छलफल कार्यक्रमहरु आयोजना गर्ने गरेको छ ।
- राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रका वन्यजन्तुको संरक्षण गर्न टोल-टोलमा विभिन्न समूहहरु गठन गरी पहरेदारको भूमिका निर्वाह गरेको छ ।

- समुदायका मानिसहरुले राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र र त्यहाँका वन्यजन्तुहरुलाई दायित्वको रुपमा नलिई सम्पत्तिको रुपमा लिनुपर्ने कुरामा जनचेतना फैलाउने कार्य गरेको छ ।

### ३.७ चेपाङ बस्ती : ठाडे, राक्सीराङ गाउँपालिका मकवानपुर

सरकारले उपलब्ध सेवा सुविधा र सहुलियतको रुपमा प्रजा विकास कार्यक्रमको निरन्तरता पाइरहेको अवस्था छ। वि.स. २०६८ सालमा जनता आवास कार्यक्रम अर्न्तगत चार जिल्लामा करिब १८०० घर बनेका छन् ।शिक्षा, स्वास्थ्य र प्रशासनिक कार्यलयहरु स्थानियस्तरमा रहेका, गाउँपालिकामा माध्यामिक विद्यालय सम्म रहेको तथा एकादले उच्च शिक्षा हासिल गरेपनी चेपाङ समुदाय विद्यालयस्तरमै सिमीत रहेको अवस्था विद्यमान रहेको छ । स्वास्थ्य अवस्थाको हकमा बालविवाह र बहुविवाह बढी मात्रामा रहेको, धेरै सन्तान जन्माउने समस्या रहेको कुपोषणको समस्या रहको अवस्था छ ।

### ३.८ ठोरीः

सिमा विवादको समस्या रहेको जसको कारण भारतीय सुरक्षाबल र स्थानिय जनताबीच झडप समेत हुने गरेको, वर्षाको समयमा एक स्थानबाट अर्को स्थान सम्म पुग्न भारतको बाटो प्रयोग गर्नु पर्ने अवस्था रहेको, थोरी हुँदै भारत तिर बग्ने पानीको प्रयोग गर्ने विषयमा विवाद हुने गरेको तथा सुरक्षा जाँचको बहानामा भारतीय सुरक्षा बलबाट थोरी बासीलाई समय – समयमा अनावश्यक दुःख दिने गरेको अवस्था छ भने स्थानिय जनप्रतिनिधिका अनुसार सिमा विवाद, सिमामा रहेको सिमा स्तम्भको समय समयमा गरिने Monitoring and supervision को अवस्था कमजोर हुँदा भारतीय सुरक्षा बलले सिमा स्तम्भ सार्दै नेपालको सिमा मिच्ने प्रवृत्ति, सडकको अवस्था कमजोर र जङ्गलको बाटो प्रयोग गर्नु पर्ने भएकोले जङ्गली जनावरको आक्रमणको डर जस्ता समस्याहरु यस क्षेत्रको जल्दोबल्दो मुद्धाको रुपमा देखिन्छ।

### ३.९ देवघाट : देवभुमी

कोटिकोटि देवीदेवताहरुको वासस्थान रहेको देवभूमि, नेपालकै प्रसिद्ध धार्मिक स्थल रहेपनि सरकारी तवरबाट संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार पर्याप्त हुन नसकेको अवस्थामा त्याहाँको भौतिक संरचना संरक्षण, विकासका साथै प्रचारप्रसार समेत गरी आन्तरिक र वाह्य पर्यटनलाई वृद्धि गर्दै देशको आर्थिक विकासको पाटोलाई मजबुत गर्न थप पहल गर्नुपर्ने देखिन्छ ।

## ४. निश्कर्ष:

KYC कार्यक्रममा चितवन र पर्सा तथा त्यस जिल्लाहरुसँग सिमाना जोडिएका अन्य जिल्लाहरुको स्थलगत अवलोकन भ्रमणबाट ती क्षेत्रहरुको भौगोलिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक, बहुभाषीक एवं बहुजातीय विविधतापुर्ण अन्तरसम्बन्धीत र अन्तरघुलीत समुदायहरुको अध्ययन विश्लेषण गरी सोको वर्तमान अवस्थालाई हेर्दा राज्यको पुनःसंरचना तथा संघीय शासन व्यवस्थाको प्रभावकारीता बढ्दै गएको छ। यद्यपी नेपालको संविधान,२०७२ को कार्यान्वयनको सवालमा विभिन्न चुनौतीहरु भने छन् नै । यस देश दर्शन कार्यक्रमबाट हामी नेपाल सरकारका नवनियुक्त शाखा अधिकृतहरुलाई राज्यमा रहेको विविधतामा रमाउदै समन्यायीक,समता र समानताको सिद्धान्तको आधारमा नागरिक हित र भलाई प्रवर्द्धन  गर्न सार्वजनिक सेवा प्रवाहमा आफुलाई समाहित गर्नु पर्ने कुराको हृदयङ्गमगरेका छौँ । देश दर्शन जस्ता महत्वपुर्ण कार्यक्रम नेपाल सरकारका नवनियुक्त कर्मचारीहरुलाई तालिमको महत्वपुर्ण अवयवको रुपमा रहेको हामीले पायौँ । तथापि यस कार्यक्रममा समयानुकुल केही सुधारको आवश्यकता भने देखिन्छ ।

अनुसुचीः १

अवलोकन भ्रमण अन्तर्गत खिचिएका तस्बीरहरुः






**प्र.जि.अ सर सँग खिचिएको एक तस्बीर**


DRYPORT CUSTOMS OFFICE


वीरगंज महानगरपालिका



गडीमाई मन्दिर परिसर भित्र



ठोरी गाउपालिका



माडी होमस्टे



चेपाङ बालबालिका



चेपाङ समुदायसँग छलफल पछि



देवघाट परिसर भित्र